म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ | अङ्क:- ७५ | २०८१ माघ १९ गते शनिबार 1 February 2025, Saturday - | पृष्ठ ४ | मूल्य रु. ५/-

**सामाजिक संजालको सदुपयोग गरौं**

- सामाजिक संजालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा सामाजिक सद्भाव खल्बल्याउन सक्छ,
- अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्टफोनको अत्यधिक प्रयोगबाट बालबालिकालाई जोगाऔं,
- सामाजिक संजाललाई सामाजिक सद्भाव,सहिष्णुता कायम गर्ने माध्यम बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संघ सरकारसँग प्रदेशको गुनासोः दवकोटा



समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले संघसँग काम, कर्तव्य र अधिकारका विषयमा प्रदेश सरकारले गुनासो गरिरहेको बताउनुभएको छ। प्रदेश र संघ बीचका अधिकारका विषयहरु समयसँगै सच्चिँदै जाने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रदेश सभाको सातौं वार्षिकोत्सवमा कार्यक्रममा सम्बोधन गर्दै प्रदेश प्रमुख देवकोटाले प्रदेश सरकारलाई अब गुनासो र बहानाबाजी गर्ने छुट नरहेको बताउनुभयो। प्रदेश संरचनाको बारेमा विभिन्न टीकाटिप्पणी भइरहेका कार्यसम्पादन मार्फत् जवाफ दिनुपर्ने उहाँले बताउनुभयो । प्रदेशसभा र प्रदेश सरकारको औचित्य पुष्टी गर्न जरुरी रहेको उहाँको भनाई छ।

संसद र मन्त्रिपरिषद्को क्रियाशीलताले प्रदेशसभालाई थप प्रभावकारी बनाउन सक्नु पर्ने उहाँले बताउनुभयो। प्रदेशसभाले यथेष्ट कार्यसूची निर्माण गर्न जनसरोकारका विषयहरु प्रदेशसभामा गुन्जायमान हुन जरुरी रहको प्रदेश प्रमुख देवकोटाले बताउनुभयो । प्रदेशको समग्र विकास र आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने प्रदेश प्रमुख देवकोटाको भनाई छ ।

कार्यक्रममा मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकार विकास र समृद्धिको यात्रामा अघि बढेको बताउनुभयो । प्रदेश सरकारले नीतिगत रुपमा प्रदेशको विकास निर्माणलाई व्यवस्थित गर्ने काम गरिरहेको उहाँले बताउनुभयो । बजेट विनियोजनलाई व्यवस्थित गर्न आयोजना बैंक निर्माणको काम भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार विगतमा भएका कमिकमजोरीलाई सुधार गरेर अलपत्र आयोजनाहरुलाई उत्पादनमा जोड्नेगरी सरकार अघि बढाइएको छ ।

कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता एवम् निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विकास र सेवा प्रवाहको संरचनाको रुपमा प्रदेश सरकार कायम रहेको बताउनुभयो । प्रदेश सरकारले विकास निर्माण र सवा प्रवाहको सहजता प्रदान गर्न नयाँ मानक निर्माण गरेको उहाँले बताउनुभयो। उहाँले संघीय संरचनाको आलोचना र औचित्य माथि प्रश्न गर्नु व्यर्थ भएको बताउनुभयो। प्रदेश सरकारले विकास निर्माणमा समानुपातिक ढंगबाट रोजगारी र उत्पादनमा लक्षित गरी काम गर्नुपर्ने नेता जम्कट्टेलले बताउनुभयो ।

## क्लासिकल चेसमा रुपेश र सिन्दिरा अपराजित

समाज संवाददाता

हेटौँडाः नेपाल बुद्धिचाल महासंघको आयोजनामा हेटौँडामा २५ औं राष्ट्रिय पुरुष तथा १० औं राष्ट्रिय महिला बुद्धिचाल प्रतिस्पर्धामा २४ खेलाडीबिच ११ चरणको राउण्ड रोबिन खेल जारी रहेको हो। शुक्रबार नवौं चरणको खेल सम्पन्न हुँदा पुरुषतर्फ पूर्व नेपाल च्याम्पियन रुपेश जैसवाल र महिलातर्फ वर्तमान नेपाल च्याम्पियन सिन्दिरा जोशी अपराजित रहँदै शीर्ष स्थानमा रहेका छन्।

रौतहटका रुपेश जैसवाल र काठमाडौंकी सिन्दिरा जोशी दुबैले आ-आफ्नो विधामा समान ७.५ अंक बनाई अग्रता कायम राखेका हुन्। दुबैले समान ६ जीत र ३ बराबर खेल खेलेका छन् । अर्कोपटक २६ औं राष्ट्रिय प्रतियोगितामा सिधा प्रवेश गर्ने बाटो भनेको शीर्ष ३ मा रहनु हो । शीर्ष ३ को होडमा काठमाडौंका युवा पुरुषोत्तम सिलवाल र वर्तमान नेपाल च्याम्पियन राजन सुवेदी समान ६.५ अंक बनाएर संयुक्त दोश्रो स्थानमा उभिएका छन् । काजकिस्तानमा हुने चेस ओलम्पियाडमा समेत सहभागी हुन कडा प्रतिस्पर्धामा मकवानपुरका एफएम क्षितिज भण्डारी ६ अंकसहित चौथो स्थानमा, झापाका शुश्रुत दहाल र दोलखाका आशीष फुँयाल समान ५.५ अंक जोडेर संयुक्त पाँचौ स्थानमा रहेका छन्।

यसैगरी, महिलातर्फ अप्रत्याशित खेल प्रदर्शन गरेकी काठमाडौंकी एन्जल महर्जनले ७ अंक बनाएर दोश्रो स्थानमा र मोरङकी शान्ति धिमाल ६.५ अंकमा जोडेर तेस्रो स्थानमा रहेकी छिन्। बाँकेका इशा गिरी र झापाका पुनम प्रसाईं दुबैले समान ६ अंक बटुल्दै प्रतियोगितामा मुकाबिला गरिरहेका छन् । स्ट्यान्डर्ड क्लासिकल राष्ट्रिय प्रतियोगिताको पुरुषतर्फ दशौं चरणको खेल पुरुषोत्तमले सरोज महर्जन, क्षितिजले प्रेमकृष्ण, राजनले शुश्रुत, धिरेनले विनय, रुपेशले आशीष र नवीनले रिजेन्द्रसँग प्रतिस्पर्धा गरेका छन्। ९० मिनेट ३० सेकेण्ड इन्क्रिजमेण्ड रहेको राष्ट्रिय महिला खेलतर्फ इशाले लक्ष्मी, पुनमले नयुमा, सुशीलाले निहाना, कृतिसाराले शान्ति, सिन्दिराले दानिशा र एन्जलले बिनितासँग स्पर्धा गरेका हुन् ।

राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको अन्तिम खेल शनिबार बिहान ८ बजे सुरु हुने संयोजक धरमबहादुर लामाले जानकारी दिनुभयो । नेपाल बुद्धिचाल महासंघका महासचिव लामाले लगत्तै विजेतालाई पुरस्कार वितरण एवम् चेस खेल प्रवर्द्धनमा योगदान पुऱ्याएका दुई जना अग्रज पत्रकारलाई सम्मान गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

## हेटौंडामा सामूहिक वेलविवाह हुँदै

समाज संवाददाता

हेटौंडाः आउँदो आइतबार र सोमबार बागमती प्रदेशको राजधानी हेटौंडामा सामूहिक वेलविवाह हुने भएको छ । इहि यज्ञ सुवर्णकुमार वेलविवाह गुठी हेटौंडाले शुक्रबार पत्रकार सम्मेलनमार्फत् ५३ औँ सुवर्णकुमार वेलविवाह हुने जनाएको हो । ७२ जना कन्याको सामूहिकरुपमा हेटौंडा-१०, निवासी शंकरलाल श्रेष्ठको निवासमा वेलविवाह गर्न लागिएको हो ।

नेवारी जातिकै ब्राह्मण, ब्राह्मणी, कर्माचार्य, जोशी, सेवाचार्य, प्रजापति र नापित गरी ७ जातीय पुजारीहरुद्वारा पूजा गरिने प्रचलन रहेको गुठीका अध्यक्ष हरिषचन्द्र श्रेष्ठले जानकारी दिनुभयो । २०४२ सालमा २ सय जना कन्याको सामूहिक वेलविवाह गरेको उहाँले बताउनुभयो । ती संख्याको तुलनामा यसवर्ष हुने सामूहिक वेलविवाहमा कम कन्या सहभागी हुनेछन् ।

२०२९ सालबाट काठमाडौं उपत्यकासहित अन्य जिल्लामा सामूहिकरुपमा वेलविवाह भइरहेको छ। हेटौंडाको गुठीमा २० सदस्य रहेका छन् । ती सदस्यहरुले आलोपालो गरेर सामूहिक वेलविवाह कार्यक्रम आयोजना गर्दै आएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। पत्रकार सम्मेलनमा भुवनलाल श्रेष्ठ, शंकरलाल श्रेष्ठ, शर्मिला श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।









# छोरा र छोरी बिचको फरक



**सवनम खातुन**

एउटा गाउँमा सरमीला नामकी आमा थिइन् । सर्मिलाको दुइ वटा छोरा र एउटा छोरी थिए । सर्मिला आफ्नो छोराहरुलाई धेरै माया गर्थीन् । तर आफ्नो छोरीलाई कहिले पनि मायाँ गर्दिन थिइन् । सर्मिला आफ्नो छोराहरूलाई धेरै महंगो स्कुलमा पढाउँथिन् । तर आफ्नो छोरीलाई गाँउको सरकारी स्कुलमा पढाउथिइन् । सर्मिलाको छोरी पढाइमा धेरै मन लगाउथिइन् । तर त्यसको छोराहरु पढाइमा मनै लगाउँदैनथे । सर्मिलाको छोरी धेरै पढ्न चाहन्थी । तर सर्मिला आफ्नो छोरीलाई पढाउनै चाहन्न थिइन् । सर्मिला आफ्नो छोराहरुलाई धेरै पढाउन चाहन्थिन् । तर सर्मिलाको छोराहरु पढ्नै चाहदैनथे । सर्मिलाको छोरी घरको सबै काम गरेर सकेर स्कुल जान्थी । त्यस्तै गर्दा गर्दै एक दिन सर्मिलाको छोरीको सरकारी स्कुलमा धेरै ठूलो प्रतियोगीता थियो । त्यसमा सर्मिलाको छोरी पनि भाग लिएको थिइन् । सर्मिलाको छोरीले सर्मिलालाई भनिन् कि आमा भोली मेरो स्कुलमा धेरै ठुलो प्रतियोगिता छ । त्यसमा मैले पनि भाग लिएको छु । त्यसैले म भोली स्कूल चाडै जान्छु ल ? यति कुरा सुनेपछि सर्मिलालाई धेरै रिस उठ्यो र सर्मिलाले छोरीलाई भनिन् त भोलि स्कुलमा जादिनस् । तँ स्कुल गइस् भने घरको कामको गर्छ । भन त । आफ्नो आमाको कुरा सुने पछि सर्मिलाको छोरीले केही नबोली अफ्नो कोठामा गएर रुन थालिन् । रुदारुदै उसले एउटा कुरा सोचिन् र भोली आफू चाँडै उठेर घरको सबै काम सकेर आमालाई थाहा नै नदिइ जसरी पनि स्कुल जान्छु । त्यही कुरान सोच्दासोच्दै सर्मिलाको छोरी सुतिन् । सुर्मिलाको छोरी सबेरै उठेर घरको सबै काम छिटो छिटो सकिन् । खाना बनाएर उनी आमासंग छलेर स्कुल गइन् । प्रतियोगितामा सहिभागि भएर सर्मिलाको छोरी प्रथम भइन् ।

छोरीलाई घरमा नदेखेर सर्मिला धेरै रिसाएकी थिइन् । सर्मिला आफ्नो छोरीलाई खोज्दाखोज्दै स्कुल पुगिन् । सर्मिलाको छोरी स्कुलको प्रतियोगितामा प्रथम भएकाले सबैले प्रसंशा गरिरहेका थिए । सर्मिलालाई पनि स्कुलमा गएका सबै मान्छे बधाई दिए । सबै जनाले सर्मिलाको छोरीलाई धेरै राम्रो भनिरहेका थिए । मान्छेहरुले सर्मिलालाई भनिरहेका थिए, तपाइको छोरी कति राम्रो, कति ट्यालेन्ट छ । पुरै स्कुलमा प्रथम भइन् । सबै मान्छेको कुरा सुनेर उसलाई धेरै खुशि लाग्यो ।र सर्मिलालाई छोरी प्रतिको व्यवहार देखेर आफ्नो गल्तीको एहसास भइरहेको थियो । सर्मिला छोरी पनि सबै काम गर्न सक्छिन् भन्ने सर्मिलाले बुझिन् । अनि आफ्नो छोरीसंग माफी पनि मागिन् । त्यसपछि सर्मिलाले आफ्नो छोरीलाई पनि माया गर्न थालिन् ।

सर्मिलाले थाहा पाइन् की छोरा र छोरीको बीचमा केही फरक छैन । जाति छोरालाई माया गर्यो, त्यती छोरीलाई पनि माया गर्नु पर्छ । पहिलाको जमानामा त्यस्तो हुन्थ्यो । तपाईहरु पनि आफ्नो छोरा र छोरी दुवैलाई माया गर्नुहोस् ।

*कक्षा-८, श्रमिक मा वि, हेटौंडा ४*

# मेरो विद्यालय



**आगमन अधिकारी**


मेरो विद्यालयको नाम श्री कमला आधारभूत विद्यालय हो । यस विद्यालय हेटौंडा १८ दोभानचौरमा पर्छ । मेरो विद्यालयको प्रधानाध्यापकको नाम गोबिन्द उप्रेति हो । यस विद्यालयमा कक्षा नर्सरी देखि ८ सम्म पढाई हुन्छ । मेरो विद्यालयमा सफा, सुन्दर र हरियाली वातावरण छ ।

मेरो विद्यालयमा खानेपानी, विजुली, शौचालय, खेल मैदान, खेलकुद सामग्री, पुस्तकालय आदिको राम्रो व्यवस्था छ । यस विद्यालयमा ३०० जना विद्यार्थी र १६ जना शिक्षकहरु हुनुहुन्छ ।

मेरो विद्यालयमा फुलहरुको बगैंचा छ । बगैंचामा ढकमक फुलहरु फुलेका छन् । चौरको बिचमा बरको रुख छ । यस रुखले विद्यालयको शोभा बढाएको छ । मेरो विद्यालयमा गुणस्तरीय र जिवन उपयोगी शिक्षा दिइन्छ । मलाई गुरुबा, गुरुआमाले धेरै माया गर्नुहुन्छ । मलाई मेरो विद्यालय प्यारो लाग्छ ।

*कक्षा-३, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# सहिद दिवस



**रोज कार्की**

देशको माटो छातीमा राखेर
तिमी सदाका लागि निदाएपछि
शासन फेरियो व्यक्ति र राणा फेरिए
तर उस्तै छ देशको हालत
उस्तै छ गरिब जनताको समस्या
सहिदका रगतको मुल्य कुर्सीसँग साटेकाहरुले
लडाइ र आन्दोलन आज पनि जारी नै राखेका छन्
देशमा फरक यत्ति हो !
तिमी सिङ्गो देश जोगाउन लड्यौ
आज कुर्सी जोगाउन लड्दै छन्
तिमी तानाशाहको विरुद्धमा आन्दोलन गर्यौ
आज विपक्षको विरुद्धमा आन्दोलन गर्दै छन्
दुःखी पीडितको आवाज बनेर
दुर्गम बस्तीमा चेतनाको बिउँ छर्ने
देशलाई निस्वार्थ माया गर्ने,
नेपाल आमाका पीर व्याथाहरु
छातीमा राखेर मरेका देश र जनताका लागि
फाँसी चढेका तिमी वीरहरुलाई सहिद दिवसको शुभकामना !!
तिम्रा रगतको तलाउमा राजनीतिको डुङ्गा चलाएर
आकाश छुने महल बनाएकाहरुलाई
तिमीलाई सम्झने कहिलै फुर्सद छैन
भ्रष्टाचारी बचाउन छोडेर अरबौंको
घुस पचाउन छोडेर
कहाँ सम्झन्थे तिमीलाई
कहाँ याद गर्थे तिम्रो सपना
न त तिमी पार्टीका झण्डा बोकेर
आन्दोलनमा दिन बिताउन सक्छौ
न त तिमी चुनावमा मत हालेर
कुनै दललाई जिताउन सक्छौ
यहाँ बाध्यताले परदेशिएका हरुलाई त
देशका नागरिकमा गनिदैन
नेताका गुलामी नगर्नेहरुलाई
मान्छेमा नै गनिँदैन
तिमीहरु त आठ दशक अगाडि नै
देश पुरै भिज्ने गरी रगत बगाएका थियौ
देशलाई प्रजातन्त्रको बाटोमा हिँडाउन
घाँटीमा पासो लगाएका थियौ
तिमीसँगै रुखमा झुन्डाइए
तिम्रा ती सुन्दर सपना
अपराधी सदैव संरक्षण गर्ने ,
देश लुट्ने अनि लुटाउने
बलात्कारी माला लगाएर छुताउने
देशका ती कपुतहरुलाई पनि
सहिद दिवसको हार्दिक शुभकामना !!

*कक्षा-८, हेटौंडा एकेडेमी, हेटौंडा-११*

# मैले उनेका गल्बन्दी



**कृतिका हुमागाईं**

कोमल छ्यागोले उनेकी छु । तिम्रा निम्ति त्यो
न्यानो गल्बन्दी
नौरंगी धागोको मिश्रण
हाम्रो नौंरङ्गी मायाकोसँग जस्तै
मैले हर एक रेसा उन्दा तिम्रा निम्ति मायो उनेकी छु ।
राधाले कृष्णलाई गरेको मायाको आवास पाउने छौं
निश्वार्थ प्रेम

यो गल्बन्धीले बयान गर्छ हाम्रो प्रेमको यात्रा
सुरुको पल उत्साहले भरिएका र सजिलो
अनि अलि अलि जेलिने
अनि फक्ने अनि जुड्ने
अनि तयार हुन्छ न्यानो दिने गल्बन्धी
त्यो गल्बन्धी रेसालाई सोध्नु कति रंगोको उनेकी छु ? भनेर

सायद उसलाई पनि शब्दमा बयान गर्न सक्दैन
गर्न सक्दिैन तिमीलाई मेरो मायाको
त्यो गल्बन्धीमा रातोसँग उन्दा मैले साधाका लागि उनेकी छु ।

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौंडा-२*

## गाउँखाने कथा

१. हात छैन कान समाउँछ, आँखा होइन दृष्टि लगाउँछ ।
- चस्मा

२. सानो विश्वभित्रै बाह्रवटा देश, बाह्रवटा देशभित्र तीनजनाको रेस ।
- घडी

३. सानो–सानो बाघ, गाउँघर घुम्ने ।
- बिरालो

४. सानो–सानो जीवन हो मेहनती प्राणी, जति दुःख परे पनि खोज्छ अन्नपानी ।
- कमिला

५. हात न खुट्टा घस्रेर चल्छ, अगाडि भेटे सलक्क निल्छ ।
- अजिङ्गर

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# मानिस बीच भेदभाव



**नान्सी न्यौपाने**

मान्छे धनी छ भने गर्छन् सबैले सम्मान
मान्छे गरिब छ भने गर्छन् सबैले अपमान
आखिर गरिब पनि मान्छे हो देऊ उसलाई सम्मान
त्यो धनी भन्दा ठूलो छ रे उसको मन

भगवानले मानिसलाई फरक रुप रङ्ग दिन्छन्
तर मानिस किन कालो, गोरो भनी छुट्याउँछन्
यदि मानिस गोरो छ भने सबैले मन पराउँछन्
यदि मानिस कालो छ भने सबैले गिज्याउँछन्

आखिर सबैसँग हुने त त्यहि रातो रगत
तर किन भेदभाव गर्छौ तिमी मानिस मानिस बिच
विद्यालयमा त मानिसको मन ठूलो हुनुपर्छ भनी पढ्छौं
तर सत्यमा त तिमी आफैं मानिसलाई रुप रङ्ग हेरी छुट्याउँछौ ।


मान्छे पातलो छ भने कत्ति राम्रो भन्छन्
तर मोटो छ भने सबैले गिज्याउँछन्
कसैले पनि बुझ्दैन दुख्छ उसको मन पनि
जब सबैले जिस्काउँछ उसलाई मोटे भनी ।

*कक्षा-७, बालज्योति मावि, हेटौंडा-५*

# चित्रकला



सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४





स्वर्णिम राज विस्ट
कक्षा-५, नववोदय शिशुसदन,
हेटौंडा-४



अनिज जर्गा
कक्षा-५, नववोदय शिशुसदन,
हेटौंडा-४

# Why Can't We Let People Be?



✍ **Nikitha phayal**

Why do we look at the silent and say,
Speak louder, you're wasting the day,
Why do we stop the one who's bold,
Telling them, Stop, you talk too much, it's getting too old.

A dark-skinned soul hears the plea, Be fair, that's how beauty should be. And the fair are told with a doubt, Too pale, too fake, is that makeup about ?"

The short are mocked, "Why aren't you tall ?"
The tall are teased, "You're no good at all."
The quiet are called rude, unkind,
The friendly are judged for speaking their mind.

Why do we crave what others are not,
And shame the gifts they've naturally got ?
Why is it strange to be who we are,
When every heart carries its own unique star ?

I love my silence, my quiet space,
Not from hate, not from disgrace.
I speak with care, with love, with thought,
But that's not enough-it's judged as "out."

Why can't we let the still ones stay,
In their peace, in their quiet way ?
Why can't we let the lively shine,
In their laughter, their joy, their design ?

Every height, every tone, every way of life,
Is a melody woven from joy and strive.
To change each other is a heavy chain,
A battle we fight, again and again.

Let's accept the silence, the laughter, the skin,
The way we are, the lives we're in.
For in this world, what beauty we'll see,
If we stop and let every soul just be.

*BA English graduate*

# टुक्का



✍ **कृष्ण कुमार वैद्य**

वितण्डा मच्चाउँछ प्रकृतिले नजरअन्दाज गर्नुहुन्न,
समयमा बिपद् व्यवस्थापन गर्नुपर्छ पछि पर्नुहुन्न ।

पुँजीवादका यी ब्रान्डहरू हतियारभन्दा विनाशकारी,
भारी मात्रामा अल्झाएर अवशोषण गर्छ दुनियादारी ।

सांस्कृतिक अतिक्रमण रोक्नुपर्छ राष्ट्रियता बचाउन,
देशभक्तिको खातिर सक्नुपर्छ दुःख र कष्ट पचाउन ।

खाने मुख पनि घटाए भएभरको पठाइ सिमापारी,
गमलामै भरिपूर्ण धान भए किन चाहियो खेतबारी ।

विरोध हुनु राम्रो शिक्षकको अहित हुने विधेयकको,
कोही कसैले गर्नुहुन्न कहिल्यै मानमर्दन शिक्षकको ।

सास चलेर मात्र के गर्नु चाहिँदो ठाउँमा बोल्दैन भने,
सेवक हुँ म भनेर आएका पदमा पुग्दा मालिक बने ।

बिरामी हुँदा जाने ठाउँमा अहिले हरामी भएर जान्छन्,
पोखरी सार्वजनिक जग्गा मनपरि भएभरको खान्छन् ।

अटाइ नअटाइ कोच्दा अजीर्ण भइ डम्म फुल्यो उदर,
घाँटी हेरि हाड निल्नु भन्नुहुन्थ्यो पाको उहिले बराबर ।

*बनेपा-९, काभ्रे*


## श्री जनज्योति माध्यमिक विद्यालय

हेटौंडा उपमहानगरपालिका १४, मयुरधाप
मकवानपुर

**शिक्षक आवश्यकता**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१९)*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको मिति २०८१।१०।१८ को पदपुर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१।१०।१६ को बैठकको निर्णयअनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपुर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान सहित विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | विषय | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८१/०८२ | विज्ञान | निमावि | राहत करार | १ | अंग्रेजी माध्यमबाट पढाउनुपर्ने |

१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
२. न्युनमत शैक्षिक योग्यता : विज्ञान मुल विषय लिई १०+२ वा सो सरह उतीर्ण ।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठ्यक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम
५. दरखास्त दस्तुर : रु. १,५००/- (एक हजार पाँच सय मात्र) नेबैली खाता नं. ०२५००१००४४१७९४००००01)
६. दरखास्त दिने अन्तिम दिन : प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यालय समयमा (२०८१।११।०४ गतेसम्म)
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
८. सम्पर्क मिति : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ ।
१०. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान
११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचिकृत भएको उमेदवारहरुले विज्ञापन भएको मितिले ७ दिनभित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
सम्पर्क नं. ९८४५३७३८०४,९८०४२८५१०८
ईमेल : jjhsshtd@gmail.com

**प्रधानाध्यापक**

## श्री महेन्द्र माध्यमिक विद्यालय

बकैया-४, मकवानपुर

**शिक्षक आवश्यकता**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१५)*

प्रस्तुत विषयमा यस श्री महेन्द्र माध्यमिक (प्राविधिक) विद्यालय, बकैया गाउँपालिका-४, छतिवन, मकवानपुरको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/१०/१३ गते बसेको बैठकको निर्णय तथा शिक्षा विकास तथा समन्वय इकाइ हेटौँडा, मकवानपुरको च.नं. ९३९ मिति २०८१/१०/१५ गतेको प्राप्त पत्रानुसार यस विद्यालयको माध्यमिक तहमा लेखा विषय अध्यापन गराउनका लागि एक जना शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले २१ वर्ष पूरा भई ४० वर्ष ननाघेका तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट १५ (पन्ध्र)दिनको म्याद राखी रीतपूर्वक दरखास्त आह्वान गरिएको छ ।

**तपसिल** :
**१) विज्ञापन नं.: ०१/२०८१/०८२**
२) पद र तह : शिक्षक, साविक उच्च माध्यमिक, (अनुदान)
३) आवश्यक शैक्षिक योग्यता : वाणिज्य संकायमा स्नातकोत्तर तह उत्तीर्ण
४) नियुक्तिको प्रकार : अनुदान
५) तलब स्केल : साविक उच्च माध्यमिक सरह
६) दरखास्त दिने अन्तिम मिति :२०८१/१०/२९ गते (कार्यालय समयभित्र)
७) दरखास्त दिने तरिका : भौतिक उपस्थित भई कागजपत्र नोटरी प्रमाणित गरिएको हुनुपर्नेछ ।
८) दरखास्त दस्तुर : रु. २,०००।- (दुई हजार) (पछि फिर्ता नहुने गरी)
९) दरखास्तका साथ संलग्न राख्नुपर्ने कागजातहरु :
क) हस्तलिखित निवेदन १ थान
ख) नेपाली नागरिकताको प्रतिलिपि २ थान
ग) सम्पूर्ण शैक्षिक योग्यताको प्रतिलिपि २ थान
घ) मावि तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान '
१०) सम्पर्क मिति : २०८१/१०/३० गते
११) परीक्षा मिति : सम्पर्क मितिका दिन जानकारी गराइने छ ।
१२) परीक्षाको किसिम लिखित, अन्तरवार्ता र प्रयोगात्मक समेत । अन्तरवार्तामा सक्कल कागजातहरु साथमा लिई आउनु पर्नेछ ।
१३) पाठ्यक्रम : सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) अनुसार ।
१४) थप जाकारीका लागि मोबाइल नम्बरहरु : प्रधानाध्यापक ९८४५७१६५८८, वि.व्य.स. अध्यक्ष ९८५५०७०९२९
(नोटः माथिल्लो योग्यता, अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)

**प्रधानाध्यापक**

## फ्ल्याट भाडामा चाहियो ?

**आवासीय प्रयोजनका लागि फ्ल्याट चाहिएको छ भने तुरुन्त सम्पर्क गर्नुहोला । हेटौँडा-५, भैरवरोड (भैरवमन्दिरबाट पूर्वतर्फ १०० मिटरभित्र) स्थित ३ तल्ले भवनको भुइँ तल्लाको फ्ल्याट एउटा लिभिङ रुम, २ वटा बेडरुम, किचेन र एट्याच बाथरुम भएको फ्ल्याट रहेकोले आवश्यक परिवारले तुरुन्त सम्पर्क गर्नुहोला । सम्पर्क ९८२०७१७२२४/९८४५६१८२८४**


# सात्ताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशिः** शरीरमा स्वस्थता र मनमा उत्साह भएको समय छ । प्रतिष्ठित कामद्वारा समाजमा स्थापित भइने छ । विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ला । आत्मीयजनलाई पनि समेट्दा राम्रो रहने छ । लक्ष्यप्रति गम्भीर नभए काममा सफलता प्राप्त नहोला । व्यापार–व्यवसाय ठिकै रहला । धार्मिक एवम् सामाजिक काममा मन जाला । पढाइ–लेखाइ ठिकै रहने छ ।

**वृष राशिः** शेयर र करारका माध्यमबाट धन वृद्धि होला । जग्गा जमिन इत्यादिबाट लाभ प्राप्त होला । कार्यदलीय जिम्मेवारी प्राप्त होला । छोटो समयमा कार्य सम्पादन गरी प्रशंसा प्राप्त होला । पारिवारिक समस्याहरुले दिक्क लाग्नेछन् । अभिभावकको सहानुभूति मिल्ला । अध्ययन–अध्यापनबाट मध्यमकारक रहला । धार्मिक यात्रा योग रहने समय योग छ ।

**मिथुन राशिः** अरुलाई प्रभावित पारेर काम बनाउने समय छ । वृद्धवृद्धाको सेवा चकारीमा समय बित्ला । दार्शनिक विषय वस्तुप्रति झुकाब बढ्ला । धार्मिक एवम् प्राकृतिक स्थलमा समय बित्ला । अर्काको आश्वासनमा ढुक्क हुनु हुँदैन । कार्यपद्धतिमा सुधार गरेर अगाडि बढ्दा राम्रो रहने छ । धार्मिक एवम् परोपकारजन्य कामबाट लाभ होला ।

**कर्कट राशिः** स्वास्थ्यस्थिति कमजोर बन्ला । खानपानमा अरुचि बढ्न सक्छ । व्यापार–व्यवसाय ठिकै रहला । लेनदेनमा विशेष बिचार पुऱ्याउनु पर्ला । रिस र घमण्ड त्याग गर्दा राम्रो । आत्मसंयमी बन्दा राम्रो रहनेछ । बाध्यतामा खुम्चनु पर्ला । मनोरञ्जनमा केन्द्रित हुँदा पढाइ–लेखाइ बिग्रन सक्छ । दान धर्ममा मन जाला ।

**सिंह राशिः** मायाप्रेम र रतिरात्गात्मक काममा समय बित्ला । मातृपक्षको सुझाबमा गरिएका काममा सफलता मिल्ला । साझेदारीबाट गरिएको कामबाट लाभ प्राप्त होला । राजनीति र सरकारी काममा समय बित्ला । साझेदारीबाट गरिएको कामबाट लाभ प्राप्त होला । राजनीति र सरकारी काममा समय बित्ला । प्रशंसा वा बढुवा मिल्न सक्छ । रमणीय र सुखद यात्रा योग छ । वैदेशिक प्रयोजनको व्यवसाय ठिकै रहला ।

**कन्या राशिः** बहस र वादविवादमा संलग्न हुने समय छ । कार्यक्षेत्रमा अरुले गरे भनेका कुरामा चित्त नबुझ्न सक्छ । आफन्त, मित्रवर्ग र सहयोगीहरु साथमा हुनेछन् । स्वास्थ्य स्थितिमा सुधार हुनेछ । अनावश्यक काममा समय बित्ला । प्रतिद्वन्द्वीसँग सजगता अपनाउनुपर्ला । वैदेशिक कामहरु समाधान हुने योग छ ।

**तुला राशिः** सम्मान प्राप्ति होला । बिचारको कदर होला । परीक्षा र प्रतियोगितामा विजयी भइने छ । बौद्धिक एवम् दार्शनिक कामबाट धनार्जन होला । हाँके/ताकेका काममा सफलता प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । धार्मिक एवम् सामाजिक काममा मन जाने समय छ । विदेशी मार्गबाट लाभ प्राप्त होला ।

**वृश्चिक राशिः** कामबाट विश्राम लिँदा राम्रो रहने छ । आर्थिक गतिविधिमा ध्यान दिँदा राम्रो रहने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । आत्मविश्वासले काममा सफलता । यात्रा योग त्यति राम्रैं रहने छैन । प्रेमजीवनमा भेटघाटमा समय बित्ला । विद्या प्राप्तिका लागि निर्णयात्मक क्षमतामा कमी आउला । धार्मिक यात्राको योग होला ।

**धनु राशिः** विभिन्न विषयको छलफलमा सरिक भइएला । दीर्घकालिन योजनाहरु बनाउने समय योग छ । स्वास्थमा सकारात्मक संकेत होला । सामाजिक एवं परोपकारका क्षेत्रमा समय व्यतित होला । धार्मिक काममा सरिक भइने छ । व्यापार–व्यवसाय ठिकै रहला । नोकरीमा आन्तरिक समस्या होला । पढाइ–लेखाइ मध्यमकारक छ ।

**मकर राशिः** व्यक्तिगत सुख सुविधाका लागि खर्च बढ्ला । सम्पर्क र सम्बन्धको दायरा बढाउँदा राम्रो रहला । मान्यजनको प्रशंसा र स्यावासी पाइएला । भोगविलासमा मन आकर्षित होला । हाँकेका काम पूर्व भएपनि महत्वकांक्षा घट्ने छैन । अचानक धनार्जन होला । धार्मिक एवम् सामाजिक काममा सरिक भइएला । पढाइ ठिकै छ ।

**कुम्भ राशिः** पेसा/व्यवसायबाट लाभ प्राप्त होला । मनमा भने दोधारको अवस्था र हला । नयाँ योजना कार्यान्वयन होला । शरीरमा उत्साह र उमङ्ग प्राप्त होला । पारिवारीक सुख प्राप्त होला । न्यायिक क्षेत्रमा विजय होला । पढाइ–लेखाइ ठिकै छ । हिसाबको त्रुटि सच्याएर अगाडि बढ्दा राम्रो । प्राविधिक विषयबाट लाभ होला ।

**मीन राशिः** बजेटलाई सन्तुलनमा राख्दा राम्रो रहन्छ । सबल र दुर्बल पक्ष छुट्याउन पर्ला । यात्रामा बाधा योग होला । अनाहकमा अवगाल आइपर्ला । वैदेशिक योग पनि त्यति राम्रो हुँदैन । छल्ने वा अविश्वास नगर्दा राम्रो होला । धैर्य र संयमले अगाडि बढ्दा राम्रैं । नियम र कानुन शिरोयर गर्दा राम्रो रहन्छ । धार्मिक एवम् सामाजिक अनि परोपकारजन्य कामबाट लाभ प्राप्त होला ।


## हेटौंडा आईडल

**Construction Expo-2**

निर्माण ब्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

**सम्पर्क** :
*निर्माण ब्यवसायी संघ, मकवानपुर* । हेटौंडा-४
सम्पर्कः ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

# वडाध्यक्ष कप भलिबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२, पदमपोखरीमा जारी वडाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। १२ नम्बर वडा खेलकुद विकास समितिको आयोजनामा सञ्चालित प्रतियोगितामा समूह चरणको अन्तिम खेलहरु सम्पन्न भएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो।

समूह चरणको खेलमा हेटौंडा-११ ले जीत निकाल्दै सेमिफाइनलमा प्रवेश गरेको छ। समूह चरणको २ खेलमा हेटौंडा-१७ र हेटौंडा-१९ लाई हराउँदै समूह 'क'बाट विजेता बन्दै हेटौंडा-११ सेमिफाइनलमा प्रवेश गरेको हो।

समूह चरणको खेलहरुमा उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हेटौंडा-१७ ले हेटौंडा-१९ लाई हराउँदै हेटौंडा-११ सँग पराजित हुनुपरेको थियो। हेटौंडा-१२ समूह 'ख'बाट विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ। समूह चरणको ४ खेलमध्ये ३ जीत निकालेको हेटौंडा-१२ ले हेटौंडा-६, हेटौंडा-१७ र हेटौंडा-१५ लाई पराजित गरेको हो। यस्तै, समूह 'ख'बाट २ जीत निकाल्दै हेटौंडा-६ सेमिफाइनलमा प्रवेश गरेको छ। हेटौंडा-१३ र हेटौंडा-१५ लाई पराजित गरेको हेटौंडा-६ ले हेटौंडा-१२ सँग पराजित हुनुपरेको थियो।

प्रतियोगिता अन्तर्गत आज शनिबार सेमिफाइनल र फाइनल चरणको खेलहरु सञ्चालन हुनेछ। पहिलो सेमिफाइनल खेलमा हेटौंडा-११ र हेटौंडा-६ बीच प्रतितस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा हेटौंडा-१७ र हेटौंडा-१२ बीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा ७ वटा टिमहरुको सहभागिता रहेको थियो।

प्रतियोगिता आयोजनाका लागि वडा कार्यालयले एक लाख २५ हजार रुपैयाँ बजेट विनियोजन गरेको प्रतियोगिताका संयोजक मनोज लामा स्याङ्तानले बताउनुभयो। प्रतियोगिताका लागि अन्य निकायहरुबाट पनि सहयोग प्राप्त भएको उहाँले जानकारी दिनुभएको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार र उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रथम पुरस्कार राशि हेटौंडा-१० स्थित नारायणी कलेजले प्रायोजन गर्ने भएको छ। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ट्रफी र नगद पुरस्कारको व्यवस्था गरिएको छ।

## लागूऔषधसहित तीन जना पक्राउ

# लागूऔषध सेवन गर्ने २ जना चालक पक्राउ

समाज संवाददाता

हेटौंडा : लागूऔषधसहित तीनजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। मंगलबार र बुधबार प्रहरीले तीन जनालाई लागूऔषधसहित पक्राउ गरेको हो भने लागूऔषध सेवन गरी सवारी साधन चलाउने २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मंगलबार साँझ ५ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेमा सवारी साधनहरु रोकेर सुरक्षाजाँच गर्ने क्रममा हेटौंडाबाट बीरगन्जतर्फ जादै गरेको बा प्र ०३-००१ ज ०८९० नम्बरको यात्रुबाहक भ्यानमा सवार पर्सा जिल्लाको भौराटार गाउँपालिका-७ का ३० वर्षीय विनोद सहनीलाई गाँजासहित पक्राउ गरेको हो। प्रहरीले सहनीको साथबाट ५ किलो ५९० ग्राम गाँजा बरामद भएको जनाएको छ। बरामद भएको लागूऔषधसहित बिनोद सहनीलाई नियन्त्रणमा लिएको मकवानपुर प्रहरीले मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद थप अनुमती लिई विनोदलाई हिरासतमै राखेर अनुन्धान गरिरहेको जनाएको छ।

यस्तै पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित चेकपोष्टबाटै मकवानपुर प्रहरीले ४७ एम्पुल लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ। बुधबार राती २ बजेर ३० मिनेटको समयमा सवारी साधन रोकेर सुरक्षाजाँच गर्दा हेटौंडा-८, कमानेका ३० वर्षीय सुमन स्याङ्तान र १९ वर्षीय प्रसुल देउलालाई लागूऔषधसहित पक्राउ गरेको प्रहरीले जनाएको छ। बीरगन्जबाट हेटौँडातर्फ आउँदै गरेको बा प्र ०३-००५ प ९५९२ नम्बरको मोटरसाइकल चालक स्याङ्तान र देउलाको साथबाट लागूऔषध डाईजेपाम १२ एम्पुल, नुर्फिन १९ एम्पुल, र फेनार्गन १६ एम्पुल गरेर ४७ एम्पुल लागूऔषध फेला परेको प्रहरीले जानकारी दिएको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति लिएर प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

यस्तै जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले लागूपदार्थ सेवन गरेर सवारीसाधन चलाउने दुई चालकलाई बिहीबार नियन्त्रणमा लिएको छ। त्रिभुवन राजपथअन्तर्गत भीमफेदी गाँउपालिका-१, बाघझोरामा सवारीसाधन रोकेर सुरक्षाजाँच गर्दा ना १ ज ५४४६ नम्बरको सुमो चालकसहित दुई जनाले लागूपदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ। काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका-७ का ३५ वर्षीय सुमो चालक सन्तोष सञ्जेल र ललितपुर जिल्लाको गोदावरी नगरपालिका-४ का ३६ वर्षीय सुविन पहरीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। उनीहरूलाई लागूऔषध मुद्दा कसुरमा मकवानपुर जिल्ला अदालत हेटौंडाबाट १० दिनको थप म्याद लिई अनुसन्धान भइरहेको जनाएको छ।

# सानो छहारी किताबमाथि विद्यार्थी विमर्श

समाज संवाददाता

हेटौंडाः सानो छहारी किताबमाथि विद्यार्थी विमर्श भएको छ। हेटौंडा-४, भैरवरोडस्थित किताब घरमा सो किताबको विमर्श भएको हो।

किताब घरको तेस्रो शृङ्खलाअर्न्तगत बाल सहित्यकार यशु श्रेष्ठद्वारा लिखित सानो छहारी किताबमाथि विमर्श भएको हो। एक साताअगाडि ५ वटा विद्यालयका विद्यार्थीहरुलाई उक्त पुस्तक अध्ययनका लागि दिइएको थियो। कार्यक्रममा ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयका नेत्रप्रसाद उप्रेती, श्रमिक माध्यमिक विद्यालयका प्रियंका गुप्ता, जीएस निकेतन माविका रुवस पराजुली, माउन्ट एभरेष्ट इङ्लिस बोर्डिङ स्कूलका सारिका सुवेदी र चन्द्रोदय माध्यमिक विद्यालयका शुभेच्छा तिमल्सिनाले समीक्षा गर्नुभएको हो।

किताब घरका व्यवस्थापक छवि अनित्यले कार्यक्रमलाई सहजीकरण गर्नुभएको थियो। सहभागी समीक्षाकर्मीहरुले किताबमा वातावरणसँगको सम्बन्ध, पारिवारिक सम्बन्धको महत्व र जेष्ठ नागरिकहरुमा भएको ज्ञानको आवश्यक र महत्वको विषयमा उजागर गरिएकाले किताब अत्यन्त अर्थपूण रहेको बताउनुभयो। किताबमा लोपोन्मुख शब्द प्रयोग भएकाले किताब अझ प्रभावकारी भएको बताइएको छ।

कार्यक्रममा सानो छहारीका लेखक यसु श्रेष्ठ, ज्ञानोदय बालबाटिका आवासीय माविका प्रधानाध्यपक श्यामकुमार बानियाँ, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौला, उपाध्यक्ष सानु खनाललगायतको उपस्थिति रहेको थियो।

# काभ्रेमा एकैदिन २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लामा एकैदिन दुईजनाको मृत्यु भएको छ। बिहीबार एक पुरुषको घरको दुई तला माथिबाट लडेर मृत्यु भएको थियो भने महिलाको सालको रुखबाट खसेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

काभ्रेपालञ्चोकको बनेपा नगर पालिका-२, घिमिरेगाउँमा घरको दुई तला माथिबाट लडेर रामेछाप जिल्लाको दोरम्बा गाउँपालिका-३, ठोकर्पा घर भई हाल घिमिरेगाउँमा काम गर्ने ४० वर्षीय लाल बहादुर मगर रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार दिउँसो ३ बजेर १५ मिनेटको समयमा घरमा प्लास्टर गर्ने क्रममा दुई तला माथिबाट लडेर मगर गम्भीर घाइते भएका थिए। घाइते मगरलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा ३ बजेर ५० मिनेटको समयमा डाक्टरले मृत घोषण गरेको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३, कान्लेडाँडामा रुखबाट लडेर एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा मण्डेनदेउपुर नगरपालिका-११, तिमल्सिना फुर्सेमाटोका ४८ वर्षीया सन्चमाया तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा सालको रुखमा चढी पात टिप्ने क्रममा रुखबाट खसेर घटनास्थलमा नै मृत्यु भएको थियो। मुचुल्का पश्चात पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ।

# श्यामप्रसाद प्रतिष्ठानमा न्यौपाने

समाज संवाददाता

हेटौंडाः श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको पाँचौं साधारण भेला तथा दोस्रो अधिवेशन सम्पन्न भएको छ। हेटौंडा-१० स्थित टोनी हेगन पार्कमा बिहीबार भएको अधिवेशनले सूर्यचन्द्र न्यौपानेको अध्यक्षतामा प्रतिष्ठानको नयाँ कार्यसमिति चयन गरेको हो।

राजनैतिक, सामाजिक तथा साहित्यिक क्षेत्रका व्यक्तिहरुको उपस्थितिमा प्रतिष्ठानका आजीवन सदस्यहरुबीच भएको भेलाले न्यौपानेको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति निर्माण गरेको छ। बाँकी चार सदस्य संस्थाको बैठकले मनोनित गर्नेछ।

सर्वसम्मत निर्वाचित नयाँ कार्यसमितिको उपाध्यक्ष ईन्द्रप्रसाद नेपाल र पुरुषोत्तम आचार्य, महासचिव सुवास खनाल, सचिव भरत दुलाल, कोषाध्यक्ष शुभलक्ष्मी विक रहनुभएको छ। सदस्यहरुमा ऋषिराम पोखरेल, अरुण खतिवडा, अनिता न्यौपाने, सन्तोष पौडेल, शान्ति प्रियवन्दना, रामबहादुर थापा र रामबाबु खतिवडा चयन हुनुभएको छ।

प्रमुख वक्ताका रुपमा बामपन्थी नेता केदार न्यौपाने रहनुभएको भेलामा सल्लाहकारहरु प्रेमबहादुर पुलामी छिन्तु, मुनु सिग्देल, श्रीधर पोखरेल, हेटौंडा १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामालगायतको आतिथ्य रहेको थियो र कार्यक्रममा स्वागत मन्तव्य संस्थाका सदस्य ऋषिराम पोखरेलले राख्नुभएको थियो। साधारणसभामा संस्थाका सचिव सुवास खनालले प्रस्तुत गर्नुभएको कार्यप्रगति प्रतिवेदन, कोषाध्यक्ष रामबहादुर थापाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पनि पारित गरिएको थियो।

नवनियुक्त अध्यक्ष न्यौपानेले आफूले बनावटी ठूला योजना नबनाएको र संस्थाको भेलामा प्रस्तुत योजनाहरूलाई निष्ठापूर्वक अघि बढाउने प्रतिबद्धता जनाउनु भएको थियो।

# सोलिड्यारिटीमा खेलकुद कार्यक्रम



दौड प्रतियोगितामा सहभागी हुँदै विद्यार्थी।

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल स्कूलले वार्षिक खेलकुद कार्यक्रम आयोजना गरेको छ। शुक्रबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा खेलकुद कार्यक्रमको उद्घाटन समारोह सम्पन्न भयो।

खेलकुद सप्ताह अन्तर्गत फुटबल, भलिबल, क्रिकेट, बुद्धिचाल, व्याडमिन्ट्न, हाइजम्प, लङ्गजम्प लगायतका खेलहरु सम्पन्न भएको थियो। जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक विश्वराज खड्काको प्रमुख आतिथ्य तथा सोलिड्यारिटीका संस्थापक प्रिन्सिपल ऋषिराम आचार्यको सभाध्यक्षमा उद्घाटन समारोह भएको हो।

खेलकुदमा निलो, रातो, पहेँलो र हरियो सदनका विद्यार्थीबीच प्रतिस्पर्धा भएको थियो। प्रतियोगितामा एथ्लेटिक्स अन्तर्गत १ सय मिटर दौड, रिले दौडलगायत विभिन्न प्रतियोगिताहरु सञ्चालन भएको छ। विद्यार्थीलाई खेलकुदको महत्वबारे बुझाउन, एक अर्काबीच भातृत्व कायम गराउन र खेलकुद प्रतिको आकर्षण बढाउन प्रतियोगिताको आयोजना गरिएको शिक्षक श्यामकृष्ण ज्ञवालीले जानकारी दिनुभएको छ। प्रतियोगिताका विजेताहरुलाई पुरस्कार पनि प्रदान गरिएको छ।

# रुखले च्यापिएर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, खानीखेतमा एक बालकको रुखले च्यापिएर मृत्यु भएको छ। शुक्रबार दिउँसो २ बजेर ४० मिनेटको समयमा ५५ वर्षीय भागिरथ पुडासैनीले घर नजिकै रुख काट्ने क्रममा रुखको हाँगाले च्यापिएर १२ वर्षीय आदर्श पुडासैनीको मृत्यु भएको हो। आदर्श भागिरथकै नाती हुन्। रुखको हाँगाले च्यापिएर गम्भीर घाइते भएका आदर्शको उपचारको क्रममा शुक्रबार साँझ ५ बजेर १० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरिदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।




## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

